फोन : ०८८-५३०१२३
Email:postalofficerukum@gmail.c

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
हुलाक सेवा विभाग

# जिल्ला हुलाक कार्यालय

रुकुम (पश्चिम भाग)

मुसिकोट, खलंगा

प.सं. ०८२/८३
च. नं.

मितिः- २०८२/०४/२७
ने.सं.११४५ गुँलागा ३ मंगलवार

विषयः डाँक ढुवानी सम्बन्धी प्रस्ताव आह्वानको सुचना।

उपरोक्त सम्बन्धमा यस कार्यालय अन्तर्गत जिल्ला भित्रका तपशिल बमोजिमका डाँक रेखाहरुमा आ.व.०८२/८३ को लागी देहाय बमोजिमको बार्षिक रकममा नबढ्ने गरी घटिघटाउको माध्यम बाट दैनिक रुपमा हुलाक वस्तु ढुवानी गराउनु पर्ने भएकाले डाँक ढुवानी गर्न इच्छुक यातायात सेवा प्रा.लि.हरुले देहायको शर्तहरुको पुर्ण रुपमा पालना गर्ने गरी निम्न कागजातहरु सहित यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र प्रस्ताव पेश गर्न तोकिएको कार्यालयहरुमा शिलबन्दी निवेदन दर्ता गराउन हुन सम्बन्धित सबैको जानकारीका लागी यो सूचना प्रकाशित गरिएको व्यहोरा अनुरोध छ।

तपशिलः

| सि.न. | हुलाक वस्तु ढुवानी गर्नुपर्ने डाँक रेखाहरु | अधिकतम वार्षिक रकम | प्रस्ताव दर्ता हुने कार्यालय |
|---|---|---|---|
| १. | मुसिकोट-आठविसकोट | १,०३,७३०।- | जिल्ला हुलाक कार्यालय रुकुम पश्चिम |
| २. | मुसिकोट – बाँफिकोट | ५५,४०७।- | जिल्ला हुलाक कार्यालय रुकुम पश्चिम |

समलग्न कागजातहरु।
१.यातायात सेवा प्रा.लि.दर्ता प्रमाणपत्रको प्रतिलिपि
२.यातायात सेवा प्रा.लि.नविकरण प्रमाणपत्रको प्रतिनिधि
३.आ.व.०८०/८१को लेखापरिक्षण प्रतिवेदनको प्रतिलिपि ( सम्भव भए सम्म ०८१/८२को लेखापरिक्षण प्रतिवेदन)
४. आ.व.०८०/८१ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि ( सम्भव भए सम्म ०८१/८२को लेखापरिक्षण प्रतिवेदन)
५.प्रस्ताव पेश गरेको डाँक रेखाहरुको रुट परमिट प्रमाणपत्रको प्रतिलिपि

नेपाल सरकार
संचार तथा सूचना प्रविधि मन्त्रालय
हुलाक सेवा विभाग
जिल्ला हुलाक कार्यालय
रुकुम (पश्चिम भाग)

शर्तहरु-

१. डाँक ढुवानी गर्ने यातायात प्रा.लि.को डाँक ढुवानी गर्ने रुटमा दैनिक गाडी संचालन भएको हुनुपर्नेछ।

२. प्रस्तावित डाँक रेखाहरु मध्ये दुबैमा वा छुट्टा छुट्टै एउटा डाँक रेखामा पनि प्रस्ताव पेश गर्न सकिनेछ।

३. प्रस्ताव पेश गर्ने फाराम दर्ता हुने कार्यालयबाट निशुल्क रुपमा प्राप्त गर्न सकिनेछ।

४. प्रस्ताव पेश गर्दा यातायात प्रा.लि दर्ता प्रमाणपत्रको प्रतिलिपी ,नविकरण ,आ.व.२०८०/८१ को लेखापरिक्षण र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि तथा जुन डाँक रेखामा प्रस्ताव पेश गर्ने हो सो रुटको यातायात रुट प्रमिट पेश गर्नुपर्नेछ।

५. प्रस्ताव फाराम र सम्बन्धित कागजातहरु संलग्न गरी शिलबन्दी गरी तोकिएको मिति भित्र प्रस्ताव दर्ता हुने कार्यालयमा दर्ता गराउनु पर्नेछ। रित नपुगेको र म्याद नाघी प्राप्त हुन आएको प्रस्ताव उपर कुनै कारबाही हुने छैन।

६. प्रस्ताव स्वीकृत भए पछि सम्झौता गरी काम शुरु गरिनेछ।

७. बन्दाबन्दीको समयमा समेत डाँक सेवा संचालन गर्न यथासम्भव सवारी पासको व्यवस्था गरिनेछ।

८. प्रस्ताव स्वीकृत गर्ने /नगर्ने अधिकार प्रस्ताव दर्ता गर्ने कार्यालयलाई हुनेछ।

९. यातायात सेवा प्रा.लि.ले डाँक लिन र पुर्‍याउन सम्बन्धित हुलाक कार्यालयमा आफै जानुपर्नेछ।

१०. नियमित रुपमा सवारी साधन संचालन हुन नसकेको अवस्थामा समेत स्थानीय प्रशासनको सहयोगमा डाँक सेवा संचालन गर्नु पर्नेछ।

११. डाँक ल्याउने र लैजाने सवारी साधनमा सुरक्षित एवम व्यवस्थित ढंगले बनाईएको क्याविन अलग्गै हुनु पर्नेछ।

१२. शिलबन्दी प्रस्तावहरु मिति २०८२/०५/१० दिनको ३.००बजे भित्र दर्ता गराउनु पर्नेछ। दर्ता भएका प्रस्तावहरु २०८२/०५/११ गते दिनको ११.०० बजे खोलिने भएकाले सो समयमा प्रस्ताव पेश गर्ने प्रा.लि.को सकेसम्म आधिकारिक प्रतिनिधीको उपस्थितमा खोलिनेछ। तर प्रतिनिधीहरु उपस्थित नभएको अवस्थामा नियमित प्रक्रिया पुर्‍याइ प्रस्ताव खोल्न कुनै बाधा पर्ने छैन ।

कुमारी रिमा मल्ल
हुलाक अधिकृत

नोटःबिस्तृत जानकारीको लागि कार्यालयको फोन न.०८८५३०१२३ मा सम्पर्क गर्न सकिनेछ।